# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं: १६६००११६१८५


मधेशी आयोग ज्वागल, ललितपुर

मिति : २०७९।०९।०३

## प्रेस विज्ञप्ती

नेपालको संविधानले धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा अक्षरांकित गरेको छ । सवै नागरिकको उपचार राज्यले ग्यारेन्टी गरेको छ । उपचारको अभावमा कसैको मृत्यु हुने छैन कानुनी व्यवस्था समेत रहेको छ तर ससरी जिल्लाको कन्चनरुप नगरपालिकामा पाँच जना अति विपन्न मधेशी दलितहरुले अकालमै ज्यान गुमाएका छन् । उपचारको अभावमा यी पाँच जनाको ज्यान गएको प्रारम्भिक अध्ययनवाट देखिन्छ । यस घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता किसिमका घटनाहरु वर्षेनी हुने गरेको छ तर यस्ता घटना पुनः नदोहोरिनको लागि राज्यले गहन अध्ययन गरी समाधानका अल्पकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्नुपर्छ । यस घटनाको सत्यतथ्य जानकारी हेतु यथाशीघ्र आयोगको एउटा टोली त्यहाँ पठाउने छ र सवै सरोकारवालाहरुसँग मन्थन गरी समस्या निदानार्थ कार्य गर्नेछ ।

पीडित परिवारहरुलाई राज्यले सवै प्रकारका सहयोग गर्नुहुन र बिरामीहरुलाई यथोचित स्वास्थ्य उपचार स्थानीय, प्रदेश र संघ सरकारले गरिदिनुहुन मधेशी आयोग अपील गर्दछ ।

सविता ज्ञवाली

.....................

उपसचिव


Email: madheshicommission@gmail.com